"समृद्ध प्यूठान नगरपालिका निर्माणको आधार
सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार"
प्यूठान नगरपालिकाको उन्नाईसौं नगरसभामा प्रस्तुत
आर्थिक वर्ष २०८२/०८३ को

# बजेट तथा कार्यक्रम

प्यूठान नगरपालिकाको उन्नाईसौं नगरसभामा उपस्थित नगर प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारी साथीहरु,

नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म खुसी भएको छु। सङ्घीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न समयमा भएका सम्पूर्ण राजनीतिक आन्दोलनहरुमा वलिदान गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै घाईते र अपांगहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने बजेट अनुमान हालसम्म पनि पूर्णरुपमा प्राप्त हुन नसकेको र मिति २०८२ असार २४ गते सम्म चालु आर्थिक वर्षका योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्पन्न गर्नुपर्ने व्यवस्था भएकोले उक्त समयपश्चात मात्र नगरपालिकाको दायित्व र श्रोत यकिन हुने भएकोले बजेट तथा कार्यक्रमको पूर्णता आजको नगरसभाको पहिलो बैठकमा हुन सकेन। यसै नगरसभाको दोश्रो बैठकमा बजेट तथा कार्यक्रमलाई पूर्णता दिई प्रस्तुत गर्नेछु।

नगरपालिकाले हालसम्म प्राप्त गरेको वित्तीय प्रगती र यस आ.व.को अन्त्य सम्ममा खर्च हुने सक्ने प्रक्षेपणलाई मध्यनजर गर्दै आजको बैठकमा म बजेट तथा कार्यक्रमको मुख्य बुँदाहरु प्रस्तुत गर्ने अनुमती माग गर्दछु।

- गुणस्तरीय शिक्षा सुनिश्चितताको लागी सामुदायिक विद्यालय रुपान्तरण कार्यक्रम अन्तर्गत विद्यालय शिक्षालाई प्रविधीमैत्री बनाई शिक्षण सिकाईमा रहेको असमानता कम गर्न र गूणस्तरिय शिक्षामा सबैको पहुँच वृद्धि गर्न पालिकाभित्र १ नमूना आवासीय विद्यालय कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- अव्यवस्थित रुपमा संचालन भईरहेको साना गाडी, मोटरसाईकल मर्मत केन्द्रहरु केन्द्रीकृत गरी व्यवस्थित अटोभिलेज नगरपालिकाको स्वामित्वमा सञ्चालनमा ल्याउन आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- विपन्नहरुको चुल्होमा स्थानीय सरकार कार्यक्रम संचालनको लागि आवश्यक कार्यबिधि तर्जुमा भईसकेको छ उक्त कार्यविधि बमोजिम कार्यक्रम कार्यन्वयन गर्न आवश्यक बजेटको ब्यवस्था गरिने छ।
- विपन्न परिवारलाई कम्तिमा १०० दिन रोजगारी प्रदान गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ। पानीको मुल संरक्षणको लागि उपयुक्त स्थलहरु छनौट गरी सबै वडाहरुमा पानी पुनर्भरण पोखरी निर्माण कार्यलाई अभियानको रुपमा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।
- तरकारी तथा दुग्ध उत्पादक कृषकहरुको प्रोत्साहनको लागी किसान पेन्सन आ.ब. २०८१/०८२ मा लागू भइसकेको छ। आगामी आ.ब. मा उक्त कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेटको ब्यवस्थापन गरिने छ।

- प्यूठान नगरपालिकालाई दुध र तरकारीमा आत्मनिर्भर बनाउन कृषकहरुलाई बजारीकरणमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- बाझो जग्गाको समुचित उपयोग र आयआर्जनका लागी बेसार खेती र बिभिन्न फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ । जापान सरकारको सहयोगमा प्यूठान नगरपालिका-८ गेजबाङमा निर्माण भएको वेसार प्रशोधन केन्द्र संचालन गरी रोजगारी तथा कृषकको आयमा बृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- लागत साझेदारी मार्फत कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ । टोलस्तरका बाटोहरुमा लागत साझेदारी गर्न ईच्छुक टोल बिकास संस्थाका योजनाहरुको निर्माणलाई विशेष प्राथमिकता दिईनेछ ।
- संघ र प्रदेशका बिभिन्न योजनाहरुमा लागत साझेदारी गर्न समपूरककोषमा प्रर्याप्त बजेट बिनियोजन गरिनेछ ।
- नगरपालिकामा नगर प्रहरीको भर्ना तथा परिचालनको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- एक वडा एक कालोपत्रे सडक कार्यक्रम आगामी आ.ब.मा पनि निरन्तरता दिन उल्लेख्य बजेट बिनियोजन गरिनेछ ।
- एक घर एक धारा नीति कार्यान्वयन गर्न बजेट बिनियोजन गरिनेछ । प्यूठान नगरपालिका भित्र रहेका सिंचाई प्रणालीहरुको मर्मत सम्भारका लागि बजेटको ब्यवस्थापन गरिनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारबाट स्वास्थ्य तर्फ बिनियोजित बजेट कार्यान्वयन गरिनेछ । साथै नगरपालिकाको आन्तरिक तर्फबाट समेत उल्लेख्य बजेट बिनियोजन गरिनेछ ।
- प्यूठान नगरपालिकाको आवधिक योजनाको मध्यावधी समिक्षा गरिनेछ । नगर यातायात गुरु योजना अद्यावधिक गरिनुका साथै पूर्वाधार शाखालाई प्रबिधीमैत्री बनाउन आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।
- नगर योजना बैंक स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- ब्यवसाय करमा आबद्ध करतादाहरुको अभिलेख अद्यावधिक तथा बर्गिकरण गरी ब्यवसाय कर सम्बन्धित वडा कार्यालय मै बुझाउने ब्यवस्था मिलाउनको लाग आवश्यक बजेटको ब्यवस्थापन गरिनेछ ।
- बिपद् ब्यवस्थापन, बातावरण संरक्षण र सरसफाई सम्बन्धी योजना कार्यक्रम कार्यान्वयन गर्न प्रयाप्त बजेटको ब्यवस्थापन गरिनेछ ।
- लक्षित बर्ग तर्फका कार्यक्रमहरु लक्षित बर्गको माग अनुरुप तर्जुमा गरी कार्यान्वयन गर्न बजेट ब्यवस्थापन गरिनेछ ।
- सूचना प्रबिधीको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन आवश्यक बजेटको ब्यवस्थापन गरिनेछ । डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण मार्फत पारदर्शिता प्रबर्द्धन गर्न आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता बिकासको लागि आवश्यक बजेट ब्यवस्थापन गरिनेछ।

**आ.ब. २०८२/०८३ को खर्च शिर्षकहरु**

| क्र.सं. | विवरण | रकम |
| --- | --- | --- |
| १ | नगरपालिका प्रशासनिक खर्च तर्फ | १२०००००००० |
| २ | वडा प्रशासनिक खर्च | ५०००००० |
| ३ | वडा पुँजिगत खर्च | ३२०००००० |
| ४ | समपुरक अनुदान म्याचिङ(सडक वोर्ड, झो.पु. तर्फ) | ६००००००० |
| ५ | युवा शिक्षा खेलकुद शाखा तर्फ | ४६५००००० |
| ६ | मेयर उपमेयर कार्यक्रम | १००००००० |
| ७ | स्वास्थ्य शाखा  तर्फ | ७०००००० |
| ८ | कृषि शाखा तर्फ | ५०००००० |
| ९ | पशु सेवा शाखा तर्फ | ४०००००० |
| १० | कानून इकाइ | १२००००० |
| ११ | विपद् वातावरण सरसफाई शाखा तर्फ | ५०००००० |
| १२ | आर्थिक बिकास शाखा तर्फ | २५००००० |
| १३ | महिला वालवालिका ज्येष्ठ नागरिक शाखा तर्फ | ३०००००० |
| १४ | कर्मचारी कल्याणकोष | ५००००० |
| १५ | सूचना प्रविधी पञ्जिकरण र राजश्व तर्फ | ५००००० |
| जम्मा | | ३०२२००००० |

**आ.ब. २०८२/०८३ को आय शिर्षकहरु**

| क्र.सं. | श्रोत | रकम | कैफियत |
| --- | --- | --- | --- |
| १ | संघीय समानीकरण अनुदान | १२३१००००० | अनुमानित |
| २ | संघीय राजश्व बाँडफाँड | ११०८००००० | |
| ३ | प्रदेश समानीकरण अनुदान | ८४०८००० | |
| ४ | प्रदेश सवारी साधन कर | १३१८३००० | |
| ५ | आन्तरिक आय | ५१०००००० | |
| | जम्मा | ३०६४९१००० | |

देवेन्द्र बर्मा

नगर उप-प्रमुख

मितिः २०८२।०३।१०